त्रिभुवन विश्वविद्यालय
**Tribhuvan University**
इन्जिनियरिङ्ग अध्ययन संस्थान
**Institute of Engineering**
परीक्षा नियन्त्रण महाशाखा
**Examination Control Division**

चाकुपाट, ललितपुर ।

च.नं. ६५४ /०७५/०७६

मिति : २०७५/११/१२

## स्नातकोत्तर तहको परीक्षा फाराम भर्ने सम्वन्धी सूचना

यस महाशाखावाट २०७६ वैशाख महिनामा सञ्चालन गरिने स्नातकोत्तर तह सवै कार्यक्रम दोश्रो वर्ष दोश्रो खण्ड Thesis Defense 2073 IV तथा 2072 V को परीक्षामा सम्मिलित हुने विद्यार्थीहरुले २०७५।१२।१० गते भित्र परीक्षा फाराम, भर्न भराउन हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. उपरोक्त म्याद भित्र परीक्षा फाराम नभर्नेले मिति २०७५ चैत्र १४ गते भित्र रुं ४००/०० बिलम्व शुल्क तिरी परीक्षा फाराम भर्न सकिनेछ ।

२. उपरोक्त म्याद भुक्तान भएपछि सहायक डीनको स्वीकृती लिई बिलम्व शुल्क रु. ४००/०० र अतिरिक्त बिलम्व शुल्क रु. १,०००/०० समेत कूल बिलम्व शुल्क रु. १,४००/०० तिरी मिति २०७५ चैत्र १९ गते भित्र परीक्षा फाराम भर्न सकिनेछ ।

३. उपरोक्त म्याद भुक्तान भए पछि कुनैपनि परीक्षा फाम भर्न स्वीकृती दिन यस महाशाखा बाध्य हुने छैन ।

४. परीक्षा फाराममा हालै खिचिएको, कालो चस्मा र कुनै किसिमको टोपी नलगाएको पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा टांस्नु/टांस्न लगाउनु होला ।

५. Thesis Defense गर्नका लागि परीक्षा फाराम भर्ने विद्यार्थीहरुले I, II र III Part को सवै विषय उत्तीर्ण भएको Mark-Sheet अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

६. उपरोक्त Thesis Defense कार्य २०७६ वैशाख मसान्त भित्र समाप्त गरी २०७६ जेष्ठ ३ गते भित्र Thesis Defense मा सहभागी विद्यार्थीहरुको हाजिरी विवरण (Attendance Report) अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

७. उपरोक्त Thesis Defense को प्राप्ताङ्क र Report मिति २०७५ ज्येष्ठ २५ गते भित्र अनिवार्य रुपमा यस महाशाखामा उपलब्ध गराई दिनु हुन सम्पूर्ण कार्यक्रम संयोजकज्यूहरुलाई जानकारी गराईन्छ ।

८. वुंदा नं ६ र ७ मा उल्लेखित समय भित्र विद्यार्थीहरुको हाजिरी विवरण तथा प्राप्ताङ्क र Report प्राप्त नभएमा त्यसपछि प्राप्त हुन आउने Thesis Defense को नतिजा प्रकाशन सम्वन्धी कुनै पनि कारवाही हुने छैन ।

परीक्षा उप प्रमुख

**बोधार्थ तथा कार्यार्थ:**
श्री डीनको कार्यालय,इ.अ.सं. पुल्चोक, ललितपुर ।
श्री पुल्चोक क्याम्पस, पुल्चोक, ललितपुर ।
श्री थापाथली क्याम्पस, थापाथली, काठमाण्डौं ।
श्री पूर्वाञ्चल क्याम्पस, गंगालालमार्ग, धरान ।
श्री पश्चिमांञ्चल क्याम्पस, लामाचौर, पोखरा ।
श्री आर्थिक शाखा, प. नि. म. शा. चाकुपाट, ललितपुर ।